# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ९, संख्याः ३, असार ३२ गते, २०८२ साल


व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

## व्यास नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन (तेस्रो संशोधन), २०८२

सभाबाट स्वीकृत मिति : २०८२।३।२४

व्यास नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर सभाबाट स्वीकृत भई व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छ :

| क्र.स. | साविकमा भएको | संशोधन गर्नुपर्ने (थप/घट) |
|---|---|---|
| १. | दफा ६ (ग) संविधानको अनुसूची ८ अन्तर्गतको एकल अधिकार अन्तर्गत सभाले बनाएको कानुन बमोजिम निरुपण हुने गरी सिर्जित उजुरी तथा | हटाइएको |
| २. | दफा २० (६) पछि थप | (७) प्रतिवादी आफैले न्यायिक समिति सचिवालयबाट म्याद बुझ्न सक्नेछ । |
| ३. | दफा ४१ (५) पछि थप | (६) कुनैपनि मुद्दामा मुद्दाको पक्षले फिरादपत्रमा दाबी त्यागी सो दाबी फिर्ता लिनको लागि वा आफ्नो दाबी सावित गर्न नसक्ने वा दाबीको प्रयोजन समाप्त भएको कारण देखाई सो फिरादपत्र फिर्ता लिनको लागि मुद्दाको फैसला/मिलापत्र हुनु अघि जुनसुकै बखत समितिमा निवेदन दिन सक्नेछ । सो बमोजिमको निवेदन प्राप्त भएमा समितिले निवेदन माग बमोजिम मुद्दाको लगत कट्टा हुने गरी फिरादपत्र फिर्ता दिन अनुमति दिने आदेश गर्नुपर्नेछ । |

| | | |
|---|---|---|
| | | (७) कुनै अदालत या अन्य न्यायिक निकायमा विचाराधीन रहेका मुद्दाहरुको फैसला तथा निर्णयबाट समितिमा चलिरहेको विवादको निर्णयमा तात्विक असर पर्ने कारण देखाई मुद्दाको कुनै पक्षले निवेदन दिएमा वा समितिलाई आवश्यक लागेमा त्यसको कारण खुलाई त्यस्तो मुद्दा मुलतबी राख्ने आदेश दिन सक्नेछ । मुलतबीमा राखिएको विवाद मुलतबी राखिनुको उद्देश्य पुरा भएपछि विवादको पक्षहरुको निवेदन परेपछि वा समितिले आँफै अरु निकायमा चलेको विवादको निर्णय/फैसला भएको जानकारी पाएपछि मुलतबीमा रहेको विवादको कारबाही जगाउने आदेश दिन सक्नेछ । |
| ४ | **दफा ७१ मेलमिलाप दस्तुर :** मेलमिलापमा जाने विवादको हकमा मेलमिलापकर्ताले पक्षहरुले सहमति दिन मञ्जुर भएदेखि बाहेक कुनै प्रकारको दस्तुर लाग्ने छैन । तर पक्षहरुको सहमतिमा मेलमिलापकर्ताले पक्षहरुबाट बढीमा प्रतिपक्ष रु.५००। का दरले रु.१,०००। लिन पाउनेछन् । | **मेलमिलाप दस्तुर :** मेलमिलापमा जाने विवादको हकमा मेलमिलापकर्ताले पक्षहरुले सहमति दिन मञ्जुर भएदेखि बाहेक कुनै प्रकारको दस्तुर लाग्ने छैन । |

आज्ञाले
काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत